annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११७ पृष्ठ ८ | काठमाडौं, आइतबार ९ भदौ २०८१ | भाद्र कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४४ | SUNDAY, AUGUST 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०



कभर स्टोरी

# भूकम्पले टहरामा पुर्‍यायो, पहिरोले ज्यानै लिन थाल्यो

**कात्तिक १७ को भुइँचालोले घर भत्कायो। सयौंको ज्यान लियो। बचेकाले अस्थायी टहरा बनाए। तीनै टहरामा पुस–माघको जाडो कटाए, वैशाख जेठको गर्मी छले। तर, उनीहरूमाथि अर्को बज्रपात आइलाग्यो। बर्खाको पानी र पहिरोको निसानामा परे– अस्थायी टहरा। पहिरोले कैयौंका टहरा भत्काइदिएको छ। केहीको ज्यानसमेत लिइसकेको छ।**

राजेन्द्र कार्की | *जाजरकोट* – को रिपोर्ट

समाचार पृष्ठ २

भूकम्पपीडितको अस्थायी टहरामा पहिरोले गरेको बितन्डा। ● राजेन्द्र कार्की

## निमुखाले कहिले सहजै न्याय पाउने



**लालु किसान**

इजलास

संविधान र कानुनले जातीय विभेद र छुवाछूतलाई अपराध मानेको छ। तर, समाजमा त्यसको व्यावहारिक कार्यान्वयन भइरहेको छैन। हिजोभन्दा आज जातका आधारमा हुने विभेदको स्वरूप फेरिएको छ। शिक्षा, सतर्कता र कानुनी ज्ञानको अभावमा समाजमा दलित समुदाय विभेद सहेर बस्न बाध्य छन्। अर्कोतर्फ गाउँबाट चप्पल लगाएर सेवा लिन आउने किसान, गरिब, निमुखालाई सरकारी कार्यालयहरूमा गर्ने व्यवहार नै फरक छ।

बेनी नगरपालिका-९ तोरीपानीकी १९ वर्षीया मीना परियार गत पुस १६ गतेदेखि बेपत्ता भएको घटनाको जाहेरी दिन पीडितले गर्नुपरेको संघर्ष, आरोपी पक्राउ र अनुसन्धानमा भएको ढिलाइलाई राज्यले दलित समुदाय जोडिएको मुद्दालाई कतिसम्म बेवास्ता गर्छन् भन्ने उदाहरणका रूपमा लिन सकिन्छ। पीडित परिवार प्रहरी कार्यालयमा किटानी जाहेरी दिन जाँदा प्रहरीले ह्रस्व, दीर्घ, मिलेन भनेर वास्ता गरेन। किटानी जाहेरी दर्ता गर्न मन्त्री, सांसद र नेताबाट दबाब दिनुपर्ने अवस्था आयो।

गत साउन २७ गते बेनी नगरपालिका-९ र १० को सिमानामा पर्ने उत्तिसको जंगलमा गंगटा खोज्न गएका स्थानीयले गाडेको अवस्थामा देखेको शव, सिक्री र कपडा मीनाको भएको परिवारले सनाखत गरेका छन्। प्रहरीले विगतमा गरेको बेवास्तापूर्ण व्यवहारका कारण पीडित न्याय पाउनेमा विश्वस्त छैनन्। प्रहरी, प्रशासन, अदालतलगायत राज्यका निकायले निमुखाहरूको समस्यालाई गम्भीर रूपमा लिएर सहजै न्याय पाउने वातावरण कहिले बन्ला?

*(बेनी नगरपालिका-३ का किसान म्याग्दीका दलित अगुवा हुन्।)*

# भारतीय एयरफोर्सको जहाजबाट शव लगियो

**अनिल ढकाल** | *चितवन*

तनहुँको ऐनापहरामा बस दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव भारत लगिएको छ। मृतक २७ मध्ये २५ जनाको शव भारतीय एयरफोर्सको जहाजबाट शनिबार अपराह्न भारत लगिएको हो। र, बसका चालक र सहचालकको शव भने स्थलमार्गबाट गोरखपुरतर्फ लगिएको छ।

भरतपुर अस्पतालमा पोस्टमार्टम गरेर शव भारत लगिएको हो। शवलाई शुक्रबार रातिनै आबुखैरहनीबाट भरतपुर ल्याइएको थियो। भारतीय एयरफोर्सको जहाज भारतको पश्चिम बंगाल पानागढबाट भरतपुर आएको हो। भरतपुरबाट शुक्रबार साँझ ५ बजेर ८ मिनेटमा भारत महाराष्ट्र राज्यको नासिकतर्फ उडेको प्रजिअ इन्द्रदेव यादवले बताए।

बस दुर्घटनाका शव लिन भारतका युवा तथा खेलकुद राज्यमन्त्री रक्षा निखिल खड्से र महाराष्ट्रका विधायक सञ्जय शुभकरे भरतपुर आएका थिए। उनीहरू सोही विमानमार्फत फर्किएका छन्। मृतक र घाइते भारतको महाराष्ट्रको जलगाउँ जिल्लास्थित भुसावल गाउँका रहेको चितवनका प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिए।



पोखराबाट काठमाडौं जाँदै गरेको यूपी ५३ एसटी ७६२३ नम्बरको भारतीय पर्यटक बोकेको बस शुक्रबार बिहान आबुखैरेनीनजिकै ऐनापहराबाट करिब डेढ सय मिटर तल मर्स्याङ्दी नदीमा खसेको थियो। १५ जना महिला, ११ जना पुरुष र चार वर्षकी बालिकाको निधन भएको थियो। ६ जना घाइतेहरूको काठमाडौंस्थित टिचिङ अस्पतालमा उपचार भइरहेको छ।

पत्रकारको डायरी

## फिल्ड रिपोर्टिङमा पत्रकारको अपमान

**शिव उप्रेती** | *आँबुखैरेनी*



पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको भारतीय तीर्थयात्री बोकेको बस शुक्रबार तनहुँको आँबुखैरेनी ऐनापहरामा दुर्घटना भएको प्रारम्भिक सूचना प्राप्त भयो। अपुष्ट सूचना पुष्टि गरेर त्यसतर्फ लाग्दा आधाघण्टा यसै ढिलो भयो। गोरखाबाट त्यसतर्फ प्रस्थान गर्नेमा हामी तीनजना थियौं। कान्तिपुर टेलिभिजनका भीमलाल श्रेष्ठ, कान्तिपुर पत्रिकाका हरिराम उप्रेती र म।

» बाँकी पृष्ठ ६

## सुनकोशीमा गाडी खस्यो, ३ जना बेपत्ता

**राजन गाउँले** | *सिन्धुली*

सिन्धुली मध्यपहाडी लोकमार्गअन्तर्गत सिन्धुलीको गोलन्जोर गाउँपालिका-१ कुँडुलेबाट सुनकोशी नदीमा गाडी खसेको छ। खोटाङको हलेसीबाट भक्तपुरतर्फ आउँदै गरेको एउटा हाइलक्स गाडी शनिबार साँझ ५ बजे सुनकोशी नदीमा खस्दा त्यसमा सवार ३ जना बेपत्ता भएका छन्। एक जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख (प्रहरी उपरीक्षक) गोविन्दराज काफ्लेका अनुसार नदीमा हाइलक्स गाडी र ३ जना बेपत्ता छन्।

बेपत्ता हुनेमा भक्तपुरका अविन बाक्य, बलराम घटुवा र पुनित जैरु रहेको भन्ने जानकारी आएको प्रहरी प्रमुख काफ्लेले बताए। गाडीमा सवार सुशान्त कक्षपती भने पानीबाट पौडिएर निस्कन सफल भएका छन्। उनी घाइते छन्। घाइते कक्षपतीलाई उपचारका लागि खुर्कोटस्थित स्वास्थ्य संस्थामा पठाइएको बताइएको छ। बेपत्ता गाडीको नम्बर खुल्न सकेको छैन। नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय बेपत्ता गाडी र यात्रुको खोजी तथा उद्धारमा खटिएका छन्। घटना स्थलमा सशस्त्र प्रहरीको खुर्कोटस्थित गोताखोर टोलीले नदीभित्र गाडी र यात्रुको खोजी थालेको छ।

# लाटोकोसेरोका लागि कृत्रिम गुँड

**कृष्णमणि बराल** | *पोखरा*

पहिले-पहिले ढुंगा माटोका घर हुन्थे। घरको पछाडि खोपीहरू बनाइन्थे। तिनै खोपी चराका घर हुन्थे। विभिन्न प्रजातिका चराले गुँड बनाएर बचेरा हुँर्काउँथे। घर वरपरै विभिन्न स्थानीय प्रजातिका रूखहरू पनि हुन्थे। ती रूखहरू पनि चराका घर हुन्थे। चराहरूले अन्यत्र बासस्थान खोज्न जानै पर्दैनथ्यो। तर, सहरीकरण सँगै पुराना चरा मैत्री घरहरू हराउँदै गएका छन्।

आधुनिक आरसीसी घरहरू चरामैत्री छैनन्। त्यति मात्र होइन, चरामैत्री स्थानीय जातका गिदरी, पाखुरी, सिमललगायतका रूखहरू मासिँदै गएपछि चराका लागि बासस्थान संकट पर्दै गएका छन्। चरामैत्री घर र वातावरण नभएपछि लाटोकोसेरो हराउँदै गएको छ। त्यसैकारण कास्की र स्याङ्जामा लाटोकोसेरोका लागि कृत्रिम गुँड बनाउन थालिएको छ।

तीन दशकदेखि लाटोकोसेरोलगायत वन्यजन्तु संरक्षण क्षेत्रमा काम गर्दै आएको प्रकृतिका साथीहरू नामक संस्थाले पछिल्लो समयमा सहरबाट लाटोकोसेरो मैत्री घर र बासस्थान हराउँदै गएपछि लाटोकोसेरोका लागि गुँड बनाएको हो। लाटोकोसेरो संरक्षणका लागि गुँड बनाउनुको साथै लाटोकोसेरोलगायत अन्य चरा, वन्यजन्तु संरक्षणका लागि जनचेतना कार्यक्रम पनि गरिने छ।



चरा संरक्षणका लागि स्थानीय स्तरमा जनचेतना जगाउन गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षणदूत पनि छनोट भइसकेको छ। लाटोकोसेरो संरक्षणका लागि यसअघि नै केशव सापकोटा, बालकुमार गुरुङ; सुदर्शन पराजुली, आयुष ढुंगाना, ज्योति शर्मा र दीपा गुरुङलाई संरक्षणदूतको कार्यभार दिइएको छ। संरक्षणदूतले एक वर्षसम्म स्वयंसेवकका रूपमा लाटोकोसेरोको अध्ययन तथा संरक्षणमा योगदान गर्ने जनाइएको छ।

यसअघि उनीहरूको क्षमता अभिवृद्धिका लागि तालिमसमेत दिइएको थियो। प्रकृतिका साथीहरू नामक संस्थाको सक्रियतामा कास्कीमा ९० र स्याङ्जामा १० गरी १ सय गुँड बनाएर लाटोकोसेरो बढी सक्रिय हुने क्षेत्रमा राखिने संस्थाका निर्देशक राजु आचार्यले जानकारी दिए।

सहरी क्षेत्रमा चराका लागि बासस्थान मात्र होइन शुद्ध आहाराको पनि कमी हुँदै गएको छ। चरालाई पर्दै गएको विभिन्न संकटमध्ये बासस्थान अभाव झेलेका लाटोकोसेरोका लागि लक्षित गरेर १ सय गुँड बनाएर कास्की र स्याङ्जाका बिभिन्न ठाउँमा राखिने भएको हो।

लाटोकोसेरोको बढी गतिविधि हुने क्षेत्रमा स्थानीयसँग अनुमति लिएर गुँड राखिने प्रकृतिका साथीहरू नमक संस्थाका निर्देशक आचार्यले बताए। यसरी बनाएर राखिएका गुँडमा लाटोकोसेरो आएर बसून् भन्ने हो। अरू चरा आएर बसे पनि खुसीको कुरा रहने निर्देशक आचार्यले बताए। संरक्षणदूतकै समन्वयमा दुई साताभित्र गुँडहरू राख्ने गरी तयारी गरिएको आयोजकले बताएका छन्।

जनचेतना कार्यक्रमअन्तर्गत बुढा रूखहरूको संरक्षण, गुलेली प्रयोग गरी चरा मार्न रोक्न स्थानीय, विद्यार्थी र समुदायमा संरक्षण शिविर सञ्चालन गरिने छ। वन्यजन्तु, चराचुरुंगी चोरीसिकारी नियन्त्रणको साथै सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण गरिने संरक्षणकर्मीले बताएका छन्।